# २०७७ साल भदौ ९ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू

| क्र.सं. | मन्त्रालय | निर्णयको संक्षिप्त व्यहोरा |
|---|---|---|
| १. | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | नेपाल न्याय सेवा, सरकारी वकिल समूह, राजपत्राङ्कित प्रथम श्रेणीको सहसचिव वा सो सरहको सहन्यायाधिवक्ता पदमा श्री ज्ञान प्रसाद भुसाललाई नियुक्त गरी उच्च सरकारी वकिलको कार्यालय, धनकुटामा पदस्थापन गर्ने । |
| २. | अर्थ मन्त्रालय | कृषि विकासका लागि अन्तर्राष्ट्रिय कोष) IFAD) बाट करिब ११ अर्ब ६५ करोड बराबरको सहुलियतपूर्ण ऋण सहायता स्वीकार गर्न अर्थ मन्त्रालयका सहसचिवको संयोजकत्वमा वार्ता टोली गठन गर्ने। |
| ३. | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सहसचिव श्री बलराम रिज्याललाई विशेष आर्थिक क्षेत्र प्राधिकरणको कार्यकारी निर्देशककोसमेत काम गर्ने गरी तोक्ने। |
| ४. | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | विद्युतीय माध्यमद्वारा सञ्चालन गरिने व्यापार (ई-बिजिनेस) सम्बन्धी विधेयक तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति प्रदान गर्ने । |
| ५. | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण मार्फत पठाइएका कार्यक्रमहरूको प्राविधिक कार्य सञ्चालन प्रक्रिया, रिपोर्टिङ्ग तथा तथ्याङ्क व्यवस्थापनका शर्तहरू पारित गर्ने। |
| ६. | परराष्ट्र मन्त्रालय | श्रीलंकाद्वारा आयोजना गरिने २१ औं बिमस्टेक Senior Officials' Meeting मा नेपालको तर्फबाट सहभागी हुन परराष्ट्र सचिवको नेतृत्वमा तीन सदस्यीय प्रतिनिधिमण्डल गठन गर्ने। |
| ७. | परराष्ट्र मन्त्रालय | नेपालले भर्चुअल माध्यमबाट आयोजना गर्ने सार्क मन्त्रिपरिषद्को अनौपचारिक बैठकमा माननीय परराष्ट्र मन्त्रीको नेतृत्वमा चार सदस्यीय प्रतिनिधिमण्डल गठन गर्ने। |
| ८. | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | सडक डिभिजन, चन्द्रनिगाहपुर रौतहटको कार्यक्षेत्रभित्र सर्लाही जिल्लाको एकादशी खोलामा निर्माण भइरहेको पुलको एप्रोच सडक (पहुँच मार्ग) मा पर्ने कुल एघार घर टहराहरुलाई मुआब्जा तथा क्षतिपूर्ति दिने र सम्बन्धित डिभिजन प्रमुखलाई प्रारम्भिक कारबाई चलाउने अधिकारी तोक्न स्वीकृति प्रदान गर्ने । |
| ९. | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | त्रिभुवन विश्वविद्यालय, इन्जिनियरिङ्ग अध्ययन संस्थान, पुल्चोक क्याम्पस, पुल्चोक ललितपुरलाई बि.ई. एरोस्पेशमा नयाँ थप कार्यक्रम अध्ययन अध्यापन गराउन अस्थायी स्वीकृति प्रदान गर्ने। |
| १०. | रक्षा मन्त्रालय | नेपाली सेनाका प्रमुख सेनानी सरोज कुमार अधिकारीसमेत तीन प्रमुख सेनानीहरूको बढुवा गरी पदस्थापन गर्ने र महासेनानी दिपेश जंग शाहसमेत १२ महासेनानीहरूको सरुवा गर्ने। |

| | | |
|---|---|---|
| ११. | रक्षा मन्त्रालय | नेपाली सेनाका प्राविधिक प्रमुख सेनानी सुमित्रा मुलेपतीलाई प्राविधिक महासेनानी दर्जामा बढुवा गरी पदस्थापन गर्ने । |
| १२. | वन तथा वातावरण मन्त्रालय | आ.व. ०७७/७८ का लागि वन तथा वातावरण मन्त्रालय अन्तर्गतका आयोजना तथा कार्यक्रमहरुका लागि राजपत्रांकित श्रेणीको ४५ अस्थायी दरबन्दी सिर्जना गर्ने । |
| १३. | वन तथा वातावरण मन्त्रालय | माई बेनी जलविद्युत आयोजना (९.५१ मे.वा.) को हेडरेस, सेटलिङ बेसिन र पेनस्टक लगायतका संरचनाहरु निर्माण गर्न इलाम नगरपालिका-६ स्थित राष्ट्रिय वन क्षेत्रको ४.७७ हेक्टर जग्गा ३० वर्षसम्म प्रयोग गर्न स्वीकृति दिने । |
| १४. | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | उच्च शिक्षाका लागि विदेशी विश्वविद्यालयहरूमा अध्ययन गर्न जान चाहने विद्यार्थीहरूलाई वैदेशिक अध्ययन अनुमति पत्र (NO Objection Certificate-NOC ) जारी गर्ने कार्य पुनः सुचारू गर्ने। |
| १५. | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | शिक्षा तथा मानव स्रोत विकास केन्द्र (विद्यार्थी वित्तीय सहयोग कार्यक्रम) मा आ.व. ०७७/०७८ मिति २०७७/४/१ देखि मिति २०७७/९/१६ तदनुसार ३१ डिसेम्बर २०२० सम्मका लागि अधिकृतस्तरका ३ अस्थायी पदको दरबन्दी सिर्जना गर्ने । |
| १६. | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | सर्वोच्च अदालत र मातहतका उच्च अदालतहरूको संगठन संरचना र दरबन्दी तेरिज स्वीकृत गर्ने । |
| १७. | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | नेपाल प्रशासन सेवा, राजपत्राङ्कित प्रथम श्रेणीका सहसचिव श्री उदय बहादुर रानामगर र सहसचिव श्री नवराज ढकाललाई परराष्ट्र मन्त्रालय वा अन्तर्गत सरुवा गर्ने । |
| १८. | सहरी विकास मन्त्रालय | गृह मन्त्रालयको उत्तर पश्चिममा रहेको खाली जग्गामा सिंहदरबारको सीमा पर्खालबाट न्युनतम १० मिटर चौडाइको ग्रिन बेल्ट कायम गर्ने गरी ४३ रोपनी ६ आना जग्गा चण्डीदल गणलाई उपलब्ध गराउने । |
| १९. | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | लोक सेवा आयोगबाट सिफारिस भएका देहायका व्यक्तिहरूलाई नेपाल स्वास्थ्य सेवाको एघारौं तहको पदमा नियुक्त गर्ने-<br>१. डा.रश्मि शर्मा,<br>२. डा.वर्षा थापा<br>३. श्री लिली श्रेष्ठ |
| २०. | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | विश्व स्वास्थ्य संगठन (WHO) दक्षिण पूर्वी-एसिया क्षेत्रीय समितिको ७३ औ बैठक (Virtual Session) मा सहभागी हुन माननीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रीको नेतृत्वमा अन्य २ जनालाई सहभागी हुन स्वीकृति दिने । |
| २१. | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | नेपाल स्वास्थ्य सेवा, फार्मेसी समूह, एघारौं तह, प्रमुख औषधि व्यवस्थापक पदमा श्री भरत भट्टराईलाई बढुवा नियुक्ति गरी स्वास्थ्य तथा जनसंख्या मन्त्रालय वा अन्तर्गत पदस्थापन गर्ने । |
| २२. | गृह मन्त्रालय | नेपाल चेम्बर अफ कमर्सको (सातौं संशोधन) विधान, २०७७ स्वीकृत गर्ने । |